# विधेयकमा संशोधनको सूचना

(प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ११२ सँग सम्बन्धित)

श्री सचिव,
प्रतिनिधि सभा, नेपाल
म प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ११२ बमोजिम नियम ११३ को उपनियम (१) को शर्तका अधीनमा रही देहायको विधेयकमा देहाय बमोजिमको संशोधन पेश गर्न चाहन्छु ।

**विधेयकको नाम : केही नेपाल ऐनलाई संसोधन गर्न बनेको विधेयक , २०८०**

| क्र.स. | विधेयकको | | | | शंशोधनको व्यहोरा | | |
|---|---|---|---|---|---|---|---|
| | दफा | उप दफा | खण्ड | उप खण्ड | हालको व्यवस्था | प्रस्तावित संशोधन | संसोधन गर्न पर्ने कारण |
| १ | **१** | (२) | | | यो ऐन तुरन्त प्रारम्भ हुनेछ । | यो ऐन राजपत्रमा प्रकाशित भएको ६ महिना पछि लागु हुनेछ। | सरोकारवालाहरू र ऐन कार्यन्वयन गर्ने निकायमा आवश्यक जनशक्ति र पूर्वाधार तैयार गर्न समय लाग्ने भएकोले । |
| २ | **७** | | | | **छात्रवृत्ति सम्बन्धी ऐन, २०२१ मा संशोधन**: छात्रवृत्ति सम्बन्धी ऐन, २०२१ को दफा ३ख. को उपदफा (३) को स्पष्टीकरण झिकिएको छ । | **छात्रवृत्ति सम्बन्धी ऐन, २०२१ मा संशोधन**: छात्रवृत्ति सम्बन्धी ऐन, २०२१ को,-<br>(१) दफा ३क. को स्पष्टीकरणको "सामुदायिक विद्यालयमा अध्ययन गरेको व्यक्ति" पछि "वा निजी तथा संस्थागत विद्यालयमा पूर्ण छात्रवृत्तिमा अध्ययन गरेको व्यक्ति" भन्ने शब्दहरू राखिएका छन् ।<br>(२) दफा ३ख. को उपदफा (३) को स्पष्टीकरण झिकिएको छ । | निजी तथा संस्थागत विद्यालयमा छात्रवृत्ति पाएरै पढेका गरीब तथा जेहेन्दार विद्यार्थीलाई समेट्न आवश्यक भएकाले । |
| ३ | **११** | | | | पर्यटन ऐन, २०३५मा संसोधन:<br>पर्यटन ऐन, २०३५को दफा ३९को उपदफा (३) मा रहेका "उपदफा (१)" भन्ने शब्दहरुको सट्टा "उपदफा(२)" भन्ने शब्दहरु राखिएका छन्। | खारेज गरियोस् । | पर्यटन ऐनलाई पूर्ण रुपमै अध्ययन गरि संसोधन गर्न पर्ने आवश्यकता भएकाले । |
| ४ | **१९** | | | | **काठमाडौँ विश्वविद्यालय ऐन, २०४८ मा संसोधन:** काठमाडौँ विश्वविद्यालय ऐन, २०४८ को दफा २०क. को उपदफा (३) मा रहेका "उपदफा (२)" भन्ने शब्दहरूको सट्टा "उपदफा (१)" भन्ने शब्दहरू राखिएका छन्। | **काठमाडौँ विश्वविद्यालय ऐन, २०४८ मा संसोधन:** काठमाडौँ विश्वविद्यालय ऐन, २०४८ को,-<br>(१)दफा ४ को उपदफा (१) को खण्ड (ख) हटाइएको छ।<br>(२) दफा ४ को उपदफा (१) को खण्ड द पछि देहाएको खण्ड (द१) थप गर्ने:-<br>"(द१) गैरआवासीय नेपाली संघको अध्यक्ष वा निजले तोकेको सो संघको प्रतिनिधि - सदस्य"<br>(३) दफा ४ को उपदफा (२) मा "खण्ड (ठ)" र "सहकुलपति" भन्ने शब्दहरु हटाइएको छ र "(थ)" भन्ने शब्द पछि (द१) भन्ने शब्द थपिएको छ।<br>(४) दफा १२ को खण्ड (ख) हटाइएको छ।<br>(५) दफा १३ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ:-<br>"(१) शैक्षिक क्षेत्रमा निरन्तर २० वर्षसम्म शोध, अनुसन्धान, अध्यापन वा अन्य कुनै महत्त्वपूर्ण कार्य गरि ख्यातिप्राप्त गरेका र नियुक्तिको मितिमा ५ वर्षयता कुनै राजनीतिक दलको सदस्यता नलिएका व्यक्तिहरू मध्यबाट नेपाल सरकारले कूलपतिको नियुक्ति गर्नेछ।"<br>(६) दफा १३क हटाइएको छ।<br>(७) दफा १४ को उपदफा (१) को सट्टा देहाएको उपदफा राखिएको छ:-<br>"(१)विश्वविद्यालयको उपकुलपति पदमा नियुक्तिको लागि सिफारिस पेश गर्न कुलपतिबाट सभाका तीनजना सदस्यहरू रहेको एक समिति गठन हुनेछ र सो समितिले सिफारिस गरेको व्यक्ति प्रतिनिधिसभाको शिक्षा समितिबाट स्वीकृत भएपछि नेपाल सरकारबाट चार वर्षको लागि उपकुलपतिको नियुक्ति हुनेछ।"<br>(८) दफा १४ को उपदफा (४) बाट "तथा सहकुलपतिको" भन्ने शब्दहरु हटाइएका छन्।<br>(९) दफा २०क. को उपदफा (३) मा रहेका "उपदफा (२)" भन्ने शब्दहरूको सट्टा "उपदफा (१)" भन्ने शब्दहरू राखिएका छन्।<br>(१०) दफा २०क. को उपदफा (६) मा"सामुदयिक विद्यालयमा" पछि "वा निजी तथा संस्थागत विद्यालयमा पूर्ण छात्रवृत्तिमा" भन्ने शब्दहरू राखिएका छन् । | विश्वविद्यालयमा हुने राजनीतिक हस्तक्षेप र भागबन्डालाई निर्मूल गर्न विश्वविद्यालय सभामा प्रधानमन्त्री र मन्त्रीहरूको सहभागिता हुने परिपाटी अन्त्य गरी शैक्षिक विज्ञहरूको संलग्नतामा प्राज्ञिक संस्था विकास गर्नका लागि । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | २५ | | | | **त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ मा संसोधन**: त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ को दफा २७क. को उपदफा(३) मा रहेका "उपदफा (२)" भन्ने शब्दहरूको सट्टा "उपदफा (१)" भन्ने शब्दहरू राखिएका छन्। | **त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ मा संसोधन**: त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ को,-<br>(१) दफा ७ को खण्ड (ख) हटाइएको छ।<br>(२) दफा ८ को उपदफा (२) को खण्ड (ख) हटाइएको छ।<br>(३) दफा ८ को उपदफा (२) को खण्ड (ग) मा रहेको "सदस्य" भन्ने शब्दको सट्टा "उपाध्यक्ष" भन्ने शब्द राखिएको छ।<br>(४) दफा ८ को उपदफा (२) को खण्ड (ब) पछि देहायको खण्ड (ब१) थप गर्ने:-<br>"(ब१) गैरआवासीय नेपाली संघको अध्यक्ष वा निजले तोकेको सो संघको प्रतिनिधि - सदस्य"<br>(५) दफा ८ को उपदफा (२) पछि देहायको उपदफा (२क.) थप गर्ने:-<br>"(२क.) उपदफा (२) खण्ड (ङ), (ट), (ण) बमोजिम सदस्य नियुक्त गर्दा शैक्षिक र अनुसन्धानका क्षेत्रमा प्रकाशित रिसर्च जर्नल लेखहरूको आर्टिकल लेभल इम्प्याक्ट र जर्नलको इम्प्याक्ट फ्याक्टर आदिलाई मूल्याङ्कनको आधार बनाएर सर्वोत्कृष्ट ठहरिने मध्येलाई नियुक्त गर्नुपर्नेछ।"<br>(६) दफा १५ को उपदफा (२) मा रहेको "सह-कुलपति" भन्ने शब्दको सट्टामा "उपकूलपति" भन्ने शब्द राखिएको छ।<br>(७) दफा १६ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ:-<br>"(१) शैक्षिक क्षेत्रमा निरन्तर २० वर्षसम्म शोध, अनुसन्धान, अध्यापन वा अन्य कुनै महत्त्वपूर्ण कार्य गरि ख्यातिप्राप्त गरेका र नियुक्तिको मितिमा ५ वर्षयता कुनै राजनीतिक दलको सदस्यता नलिएका व्यक्तिहरू मध्यबाट नेपाल सरकारले कूलपतिको नियुक्ति गर्नेछ।"<br>(८) दफा १७ हटाइएको छ।<br>(९) दफा १८ को उपदफा (१) पछि देहायको उपदफा (१क) थप गरिएको छ:-<br>"(१क) कुलपतिको अनुपस्थितिमा उपकुलपतिले सभाको बैठकमा र विश्वविद्यालयको दीक्षान्त समारोहमा अध्यक्षता गर्नेछ।"<br>(१०) दफा १८ को उपदफा (२) को सट्टामा देहायको उपदफा (२) राखिएको छ:-<br>"(२)विश्वविद्यालयको उपकुलपति पदमा नियुक्तिको लागि सिफारिस पेश गर्न कुलपतिबाट सभाका तीनजना सदस्यहरू रहेको एक समिति गठन हुनेछ र सो समितिले सिफारिस गरेको व्यक्ति प्रतिनिधिसभाको शिक्षा समितिबाट स्वीकृत भएपछि नेपाल सरकारबाट उपकुलपतिको नियुक्ति हुनेछ।"<br>(११) दफा १८ को उपदफा (६) हटाइएको छ।<br>(१२) दफा २१ख मा रहेका "सह-कुलपतिको परामर्शमा" भन्ने शब्दहरू हटाइएको छ।<br>(१३) दफा २७क. को उपदफा (३) मा रहेका "उपदफा (२)" भन्ने शब्दहरूको सट्टा "उपदफा (१)" भन्ने शब्दहरू राखिएका छन्।<br>(१४) दफा २७क. को उपदफा (६)मा "सामुदयिक विद्यालयमा" पछि "वा निजी तथा संस्थागत विद्यालयमा पूर्ण छात्रवृत्तिमा" भन्ने शब्दहरू राखिएका छन् । | त्रिभुवन विश्वविद्यालयमा हुने राजनीतिक हस्तक्षेप र भागबन्डालाई निर्मूल गर्न विश्वविद्यालय सभामा प्रधानमन्त्री र मन्त्रीहरूको सहभागिता हुने परिपाटी अन्त्य गरी शैक्षिक विज्ञहरूको संलग्नतामा प्राज्ञिक संस्था विकास गर्नका लागि । |
| ६ | **२९** | (१) | | | **विश्वविद्यालय अनुदान आयोग ऐन, २०५०मा संसोधन**:.. | उपदफा (१) को खण्ड (छ३) पछि देहाएको उपदफा थपिएको छ:<br>"उपदफा (१) मा जुनसुकै कुरा लेखिए तापनि विश्वविद्यालय अनुदान आयोगको उपदफा (१)मा उल्लिखित कार्य संचालन गर्ने क्षमताको वृद्धि गरे पश्चात् मात्र  उपदफा (१) मा उल्लिखित सबै कार्य आयोगबाट संचालित हुनेछ ।" | आयोगसँग तत्काल समकक्षता प्रदान गर्न आवश्यक जनशक्ति र पूर्वाधार नभएको र आयोगलाई यसको निर्माणका लागि अझै सुदृदिकरण आवश्यकता भएकाले। |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | **२९** | (२) | १(क) | | **विश्वविद्यालय अनुदान आयोग ऐन, २०५०मा संसोधन**:..<br><br>(१)...<br><br>(२) ... | उपदफा (२) को सट्टा देहाएको उपदफा राखिएको छ ।<br>"उपदफा (१) पछि देहाएका उपदफा (१क), (१ख), (१ग), (१घ) र (१ङ) थपिएका छन्:-<br>(१क) उपदफा (१) को खण्ड (छ३) मा जुनसुकै कुरा लेखिएको भए तापनि संसारका नाम-चलेका र क्यूयस, यूयस न्युज जस्ता संस्थाहरुले गर्ने मूल्यांकनमा आएका टप १०० विदेशी विश्वविध्यालय वा सो सरहका शैक्षिक संस्थाबाट प्राप्त शैक्षिक उपाधिको समकक्षता निर्धारण गर्नुपर्ने छैन।<br>(१ख) उपदफा (१) को खण्ड (छ३) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुनुअघि कुनै विदेशी विश्वविद्यालय वा सो सरहका शैक्षिक संस्थाले प्रदान गरेको कुनै शैक्षिक उपाधिको प्रचलित कानून बमोजिम समकक्षता निर्धारण भएकोमा त्यस  विश्वविध्यालय वा शैक्षिक संस्थाको हकमा पुन: समकक्षता निर्धारण गर्नु पर्ने छैन।<br>(१ग) उपदफा (१ख) बमोजिम समकक्षता निर्धारण गरेको शैक्षिक उपाधि र त्यसतो शैक्षिक उपाधि प्रदान गर्ने विश्वविद्यालय या शैक्षिक संस्थाको विवरण सहितको अभिलेख त्यसरी समकक्षता निर्धारण गर्ने विश्वविद्यालयले यो उपदफा प्रारम्भ भएको मितिले तिन महिनाभित्र आयोगमा पठाउनु पर्नेछ।<br>(१घ) यस ऐन बमोजिम आयोगबाट एक पटक समकक्षता निर्धारण गरिसकेको कुनै विदेशी विश्वविध्यालय वा सो सरहका शैक्षिक संस्थाको उपाधिलाई आयोगबाट पुन: समकक्षता निर्धारण गराई रहनु पर्ने छैन।<br>(१ङ) उपदफा (१क) को सूची तथा (१घ) बमोजिम समकक्षता निर्धारण भएको शैक्षिक उपाधि र विश्वविध्यालय वा शैक्षिक संस्थाको विवरण आयोगले समय समयमा अद्यावधिक गरी आफ्नो वेबसाइटमा समेत प्रकाशन गर्नु पर्नेछ। | संसारमै प्रचलित विश्वविद्यालय वा शैक्षिक संस्थाबाट उपाधिलाई नेपालले पनि मान्यता दिन सक्ने आधार भएकाले र साजिलै वेबसाइटबाट समकक्षता निर्धारण गर्न नपर्ने संस्थाहरु र उपाधिहरुको नामावलीको पहूँच पुर्याउनका लागि। |
| ८ | **५७** | | | | **न्याय सेवा आयोग ऐन, २०७३ मा संशोधन**: न्याय सेवा आयोग ऐन, २०७३ को दफा १३ को उपदफा (४) मा रहेका "पचास प्रतिशत" भन्ने शब्दहरूको सट्टा "चालीस प्रतिशत" भन्ने शब्दहरू राखिएका छन्। | खारेज गरियोस् । | न्याय सेवा आयोगले लिने जिल्ला न्यायाधीशको परीक्षामा उत्तीर्णाङ्क ५०% बाट घटाएर ४०% बनाउनुपर्ने उचित आधार, कारण प्रदान नगरेकाले। |
| ९ | **६४** | | | | **मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा संशोधन**: ..... | खारेज गरियोस् । | राजनीतिको अपराधीकरण र अपराधको राजनीतिकरण रोक्नका लागि । नेपालको संविधान, अन्तर्राष्ट्रिय सन्धि सम्झौता, मानवअधिकारका घोषणापत्र तथा सम्मानित सर्वोच्च अदालतका नजिरको विपरीत हुने भएकाले यो प्रावधान खारेजभागी छ । |
| १० | **७१** | **४** | **क** | | **वातावरण संरक्षण ऐन, २०७६ मा संशोधन:** ...खण्ड (क) मा रहेका "बीस हजार रूपैयाँसम्म" भन्ने शब्दहरूको सट्टा "दुई लाख रूपैयाँसम्म" भन्ने शब्दहरू राखिएका छन्। | खारेज गरियोस् । | प्रचलित कानुनले वि.स. २०७६ सालमा गरेको सजायको व्यवस्थामा अहिले के कुन आधार र कारणले एक हजार प्रतिशतसम्म सजायमा वृद्धि गर्नुपरेको हो, स्पष्ट आधार र कारण नखुलेकाले। यति ठूलो परिमाणमा सजाय वृद्धि गर्दा त्यसको न्यायोचित स्पष्टीकरण हुनुपर्छ। |
| | **७१** | **४** | **ख** | | खण्ड (ख) मा रहेका "पन्ध्र हजार रूपैयाँसम्म" भन्ने शब्दहरूको सट्टा "एक लाख रूपैयाँसम्म" भन्ने शब्दहरू राखिएका छन्। | खारेज गरियोस् । | प्रचलित कानुनले वि.स. २०७६ सालमा गरेको सजायको व्यवस्थामा अहिले के कुन आधार र कारणले सजायमा ६ गुणाभन्दा बढी वृद्धि गर्नुपरेको हो, स्पष्ट आधार र कारण नखुलेकाले। यति ठूलो परिमाणमा सजाय वृद्धि गर्दा त्यसको न्यायोचित स्पष्टीकरण हुनुपर्छ। |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | **८१** | | | | **खारेजी**: देहायका ऐनहरू खारेज गरिएका छन्:-<br>(क) रकम तथा सरकारी ठेक्का बन्दोबस्त ऐन, २०२०,<br>(ख) गरिबी निवारण कोष ऐन, २०६३ । | खारेज गरियोस् । | उक्त दुई ऐनको प्रयोजन कति पूरा भयो वा भएन लगायतका अध्ययन र प्रगति विवरण सहितको सम्बन्धित समितिमा हुनुपर्ने पूर्ण छलफल नभएको र कुनै प्रकारको प्रतिवेदनका मार्फत खारेज गर्नुपर्ने उचित आधार र कारण प्रदान नगरेकाले। |

(१) नाम, थर: सुमना श्रेष्ठ　　दस्तखत:　　क्र. स.: २५२　　मिति: २०८० - ०५ - २१